# हंस उपन्यासमा पर्यावरणीय चेतना

लक्ष्मीशरण अधिकारी

**सार**

*प्रस्तुत हंस उपन्यासमा पर्यावरणीय चेतना शीर्षकको यस आलेखमा पर्यावरणीय समालोचनाका कोणबाट हंस उपन्यासको विश्लेषण गरिएको छ । पर्यावरणीय समालोचना समकालीन समालोचना हो र पर्यावरणीय समालोचनाका दृष्टिले हंस उपन्यास प्रभावशाली कृति देखिएकाले यस्तो शीर्षक चयन गरिएको हो । विवेच्य उपन्यासमा प्राकृतिक वातावरण विनाश भएकामा चिन्ता प्रकट गरिएको छ भन्ने कुरा पूर्वकार्यबाट जानकारी भए पनि मानव मान्छेले कुन क्षेत्रमा बढी विनाश गरेको छ, मान्छे र पशुपक्षीका स्वभावमा के कस्ता भिन्नता छन् अनि उपन्यासकारले मानवके न्द्रित विश्वदृष्टि विस्थापित गर्न के कस्ता विचारहरू व्यक्त गरेका छन् भन्ने विषयमा अध्ययनको रिक्तता रहेकाले यस अध्ययनको सान्दर्भिकता देखिएको छ । तसर्थ पर्यावरणीय समालोचनाका प्रतिमानहरू पितृसत्तात्मक संरचनाप्रति विमति, मानवकेन्द्रित विश्वप्रति विमति, मान्छेको लालची स्वभाव, प्रकृतिको संरक्षणमा जोड, पुँजीवादी तथा भौ तिकवादी चिन्तनप्रति विमति र आध्यात्मिक चिन्तनप्रति लगावलाई आधार बनाई यस उपन्यासको विश्लेषण गरिएको छ । यसमा पर्यावरणीय समालोचनासँग सम्बन्धित सैद्धान्तिक र प्रायोगिक सामग्री सङ्कलन पुस्तकालय र अनलाइन माध्यमको उपयोग गरी गरिएको छ । प्रस्तुत उपन्यासको विश्लेषण पर्यावरणीय समालोचनाका आधारमा गरिएकाले निगमनात्मक र सैद्धान्तिक कुरालाई तथ्यबाट पनि पुष्टि गरिएकाले आगमनात्मक विधिको आंशिक रूपमा उपयोग गरी यो लेख तयार पारिएको छ । हंस उपन्यासमा स्वैरकल्पनाका माध्यमबाट व्यक्त गरिएका काल्पनिक र अमूर्त सन्दे शको व्याख्या र विश्लेषण गरी चराहरूको भन्दा मान्छेको जीवन जटिल र तनावमय देखाएर मान्छे श्रेष्ठ प्राणी हो भन्ने महाख्यानलाई उपन्यासले विनिर्माण गर्नुका साथै पर्यावरण बिग्रिनुमा पुँजीवादी सोच र पितृसत्तात्मक चिन्तन दोषी छ भन्ने निष्कर्ष यस अध्ययनबाट निकालिएको छ ।*

**मुख्य शब्दहरू :** जैविक विविधता, पितृसत्ता, पृथ्वीकेन्द्रित, मानवकेन्द्रित, संरक्षण ।

## विषयप्रवेश

सञ्जीव उप्रेती प्रयोगशील उपन्यासकार हुन् । नयाँ प्रयोगमा रुचि राख्ने उप्रेती उत्तरआधुनिकतावादी उपन्यास *घनचक्कर* (सन् २००७) प्रकाशित गरी नेपाली उपन्यासका फाँटमा औपचारिक रूपमा प्रवेश गरेका हुन् । उप्रेती पहिलेको भन्दा अभिव्यक्तिमा सरल तर कथानक संरचनामा अरेखीय शैलीको प्रयोग गरी *हंस* उपन्यास लिएर आएका छन् । उनको *हंस* पर्यावरणीय सङ्कटलाई विषयवस्तु बनाइएको उपन्यास हो । पितृसत्तात्मक संर चना र  पुँजीवादी संरचनाले पर्यावरणमा पारेको प्रभावबारे विमर्श गर्ने उद्देश्यले *हंस* उपन्यास लेखिएको हो । अहिले कतिपय जीवजन्तुहरू लोप हुने क्रममा छन् । वातावरण शुद्ध नहुँदा प्रकृतिप्रेम र मानवताको भावना घट्तो छ ।

*हंस* उपन्यासले मूलतः नेपालको र अंशतः पश्चिमी संसारको वातावरणीय समस्याको चित्रण गर्छ । *हंस* उपन्यासमा मान्छे र हाँसको प्रेमकथा छ । यी दुई कथा एक अर्कासँग जोडिएका छन् । मान्छे र हाँसका कथा

जोडेर उपन्यास पूरा गरिएको छ। आर्य तथा अन्य संस्कृतिमा पनि प्रकृति र वातावरणको स्थान धेरै उच्च छ। प्रकृतिमाथि मान्छेले अतिक्रमण गरेपछि हाँस लगायत अन्य पशुपक्षी सङ्कटमा परेका छन्। बढ्दो जनसङ्ख्या र विज्ञान प्रविधिका क्षेत्रमा विकास हुँदै जाँदा प्रकृतिमाथि ठूलै क्षति भएको छ। पूर्वकार्यका समीक्षाबाट विवेच्य उपन्यासमा प्रकृतिको सन्तुलन खल्बलिएको छ भन्ने कुराको सूचना प्राप्त भए पनि प्रकृतिमाथि के कस्ता सङ्कट देखिएका छन् र ती सङ्कटको निराकरणका निम्ति के कस्ता कामहरू गर्नुपर्नेछ अनि विश्व कसरी मानवकेन्द्रित बन्दै गएको छ भन्ने कुरामा शोध रिक्तता देखिएकाले यस आलेखमा उपन्यासमा व्यक्त भएका यी पक्षहरूको खोजी यस आलेखमा गरिन्छ।

पर्यावरणीय समालोनाका प्रमुख प्रतिमानहरू पितृसत्तात्मक संरचनाप्रति विमति, मानवकेन्द्रित विश्वप्रति विमति, लालची स्वभाव, प्रकृतिको संरक्षणमा जोड, पुँजीवादी तथा भौतिकवादी चिन्तनप्रति विमति र आध्यात्मिक चिन्तनप्रति लगावको कोणबाट गरिएको यो प्राज्ञिक अध्ययन नयाँ र मौलिक हुने भएकाले औचित्यपूर्ण देखिन्छ। बहुसत्यलाई स्थान दिइएको गुणत्मक प्रकृतिको यस अध्ययनमा तत्त्वमिमांशा, ज्ञानमिमांशा र मूल्यमिमांशाका बिच समन्वय स्थापित गरी लेखलाई पूर्णता प्रदान गरिएको छ। पर्यावरणीय समालोचना सिद्धान्तमा आधारित रही अध्ययन गरिएकाले निगमनात्मक र पाठका साक्ष्यका आधारमा निष्कर्षमा पुगिएकाले पाठ विश्लेषण पद्धतिको अवलम्बन यस लेखमा गरिएको छ। प्रस्तुत अध्ययनका लागि आवश्यक प्राथमिक र द्वितीयक स्रोतका सामग्री पुस्तकालय र ईपुस्तकालयबाट सङ्कलन गरिएको छ। पर्यावरणीय समालोचनाका कोणबाट मात्र कृतिको व्याख्या र विश्लेषण गर्नु यस लेखको सीमा हो।

पुँजीवाद र मार्क्सवादले मान्छेलाई मात्र केन्द्रमा ल्यायो। यी वादहरूले प्रकृतिको शोषण गरे र मान्छे एक्लो बन्यो। पर्यावरणीय सिद्धान्तले प्रकृतिमाथि मान्छेको सम्बन्ध मित्रवत् हुनुपर्छ भन्छ। प्रकृतिमैत्री चिन्तन *हंस* उपन्यासमा के कस्तो छ भन्ने खालको जिज्ञासालाई पर्यावरणवादी कोणबाट विश्लेषण गर्नका निम्ति निम्न लिखित प्राज्ञिक जिज्ञासालाई समस्याका रूपमा प्रस्तुत गरिएको छ :

१. *हंस* उपन्यासमा के कस्ता पर्यावरणीय विशेषता भेटिन्छन् ?

२. *हंस* उपन्यासले मानव केन्द्रित विश्वदृष्टिलाई कसरी विस्थापित गर्न खोजेको छ ?

प्राज्ञिक समस्यामा केन्द्रित रहेर *हंस* उपन्यासमा पर्यावरणीय विशेषता खोज्नु र *हंस* उपन्यासमा मानवकेन्द्रित विश्वदृष्टलाई विस्थापित गर्न के कस्तो कोसिस गरिएको छ भन्ने खोज गर्नु यस लेखको उद्देश्य हो।

**पूर्वकार्यको समीक्षा**

नेपाली साहित्यमा पर्यावरणीय समालोचना लेखिन थालेको साठीको दशकदेखि हो। गोविन्दराज भट्टराई (२०६४) ले उत्तरआधुनिक विमर्शमा, कृष्ण गौतम (२०६४) ले उत्तरआधुनिक जिज्ञासामा लक्ष्मण गौतम (२०६६) ले नेपाली साहित्यमा उत्तरआधुनिक समालोचनामा, त्यस्तै मोहनराज शर्मा (२०६६) ले आधुनिक तथा उत्तरआधुनिक पाठक मैत्री समालोचनामा, सञ्जीव उप्रेती (२०६८) ले सिद्धान्तका कुरा कृतिमा प्रायोगिक अध्ययन समेत गरेका छन्। गोकुल पोखरेल (२०७०) ले सीमसारको राजदूत काव्यको पर्यावरणीय अध्ययन

शीर्षकमा शोधपत्र तयार गरेका छन् भने गीता त्रिपाठी (२०७६) ले प्रज्ञा समकालीन कथा विमर्श कृतिमा पर्यावरणका कोणबाट केही कृतिको विवेचनासमेत गरेकी छन् ।

सञ्जीव उप्रेतीले *हंस* (२०७६) उपन्यासको आवरण पृष्ठमा *हंस* उपन्यासले यथार्थवाद र स्वैर कल्पनाको मिश्रणमार्फत आप्रवासी अनुभव, पर्यावरणीय सङ्कट, ईर्ष्या र हिंसासँग जोडिएका मानवीय अनुभवलाई यस उपन्यासले केलाएको छ भनी उपन्यासको शिल्प र कथ्यबारे स्पष्ट पारिएको छ। आवरणमा उपन्यासको विषयबारे सूचना भए पनि यो अतिसङ्क्षिप्त छ। त्यस्तै दधीराम पन्थी (सन् २०२०) ले 'सञ्जीव उप्रेतिज *हंस* : एन इको क्रिटिकल क्वेस्ट' शीर्षकको आलेखमा *हंस* उपन्यासले वातवारणीय सङ्कटको विषय उठाएको छ भनेका छन् । अङ्ग्रेजी भाषामा लेखिएको यस लेखमा पर्यावरणीय पक्षभन्दा उपन्यासको कथासार लाई महत्त्व दिइएको छ।

राम लोहनी (२०७६) ले '*हंस*को *हंस*' शीर्षकको लेख अन्नपूर्ण पोस्ट दैनिकमा प्रकाशित गर्दै *हंस* उपन्यासलाई दार्शनिक चेतमा खडा भएको उपन्यास भनेका छन् । उनले मानव समाज र प्रकृतिको अनुपम सम्बन्धको विभिन्न पक्ष उद्घाटन गर्ने प्रयास गरेको छ भनी समीक्षकले उपन्यास पर्यावरण मैत्री भएको सङ्केत गरेका छन् । उपन्यासको कथासार र मुख्य पात्रको चरित्रचित्रणमा लेख केन्द्रित भएकाले यस लेखमा पर्यावरणीय चेतनाको सन्दर्भ सामान्य सूचनाका रूपमा मात्र आएको छ। त्यस्तै अभि सुवेदी (सन् २०२१) ले '*हंस,* अ नोभल अफ अल्टरनेटिभ पावर' शीर्षकको लेखमा *हंस* उपन्यासमा चित्रित मानव पात्र र हाँसहरूको क्रियाकलाप र व्यवहारको वर्णन गरेका छन् ।

समालोचकहरूले पर्यावरणका बारेमा सैद्धान्तिक र प्रायोगिक दुबै खाले समीक्षा लेखेका छन् । *हंस*का बारेमा लेखिएका पूर्वकार्यहरूमा प्राकृतिक सङ्कटका सामान्य सूचना उपलब्ध भए पनि सघन विमर्श हुन सकेको छैन। यसमा पर्यावरणीय विशेषताका चरहरूका आधारमा मानवकेन्द्रित सोच फेर्न कस्तो विमर्श गरिएको छ भन्ने विषयमा व्याख्या र विश्लेषण गरिन्छ।

पर्यावरणीय समालोचना अङ्ग्रेजी इकोक्रिटिसिजमको नेपाली रूपान्तरण हो। पर्यावरणीय समालोचनाले साहित्य र भौतिक वातवारणको अध्ययन गर्छ। पर्यावरणीय समालोचना भन्नाले साहित्य र भौतिक वातावरणको बिचको सम्बन्धको अध्ययन भन्ने बुझिन्छ (बेरी, सन् २००२, पृ. २४८)। प्रकृतिलाई विषय बनाएर साहित्य लेख्ने परम्परा पुरानो छ। वेद, पुराणजस्ता धार्मिक ग्रन्थमा नदी, पर्वत, पीपल, गाई, वृक्षारोपण आदि विषयको ठुलो महत्त्व छ । साहित्य र भौतिक वातावरण बिचको अन्तर्सम्बन्धको अध्ययनलाई पर्यावरणीय समालोचना भनिन्छ। पर्यावरणीय समालोचनाले साहित्यको अध्ययनमा प्रकृतिकेन्द्री पद्धति अँगाल्छ भनी अमेरिकी विद्वान् ग्लटफेल्टीले इकोक्रिटिसिजमको परिभाषा दिएका छन् (भट्टराई, २०६४, पृ. १९७)। यसले मानव क्रियाकलाप र पृथ्वीको स्वरूपको बिचको अन्तर्सम्बन्धको अध्ययन गर्छ। पर्यावरणवाद समकालीन साहित्य र संस्कृतिसँग सम्बन्धित सिद्धान्त हो र यसको गहिरो सम्बन्ध भने पर्यावरण विज्ञानसँग छ (गेरार्ड, २००४, पृ. ५)। पर्यावरण जीवनको संरक्षण गर्ने आवरण हो।

पर्यावरण संरक्षणको अभिप्रायः हाम्रो चारैतिरको आवरण प्रकृति अनुकूल बनाउनु हो । पर्यावरणीय समालोचनामा मान्छेकै कारण ह्रासोन्मुख हुँदै गएको पर्यावरण र साहित्यिक समालोचना जोडिएर स्वस्थ पृथ्वीका लागि एकीकृत काम गर्छन् (एटम, २०६८, पृ. १३५) । यसले मान्छेको व्यवहार अर्को मान्छेसित समभ्रुदारीमा आधारित हुनुपर्छ भन्छ । त्यस्तै यसले प्रकृतिप्रति मान्छेको सम्बन्ध प्रेम र मैत्रीको हुनुपर्छ, युद्धमा विजेता र विजितको जस्तो हुनुहुँदैन भन्छ (गौतम, २०६४, पृ. २०८) । यसले आदिम जीवनबाट सिक्तै प्रकृतिसँग तालमेल गरेर अघि बढ्नुपर्छ भन्छ ।

रोडेरिक फ्रेजर नासको वाल्डरनेस यान्ड दि अमेरिकन माइन्ड (सन् १९६५) पुस्तकले शुद्ध हावा, खुला वातावरण, बढ्दो औद्योगिकीकरण जस्ता विषयलाई चाख लाग्दो गरी उठाएको छ । नर्वेली दार्शनिक अर्ने नेइसले सन् १९७० को दशकमा मानवकेन्द्रित विश्वदृष्टिकोणलाई प्रकृति केन्द्रित बनाउन आन्दोलन नै गरे । अमेरिकी अध्येता विलियम रुकर्टले सन् १९७८ मा ‘लिटरेचर एन्ड इकोलोजी : यान एक्सपेरिमेन्ट इन क्रिटिसिजम’ शीर्षकको लेखमा ‘इकोक्रिटिसिजम’ शब्दको पहिलो प्रयोग गरे । उनले यस आलेखमा पर्यावरणीय न्याय, प्रकृतिको स्वच्छन्दता र नैतिकताजस्ता कुराहरू पर्यावरणीय समालोचनाका विषय हुन् भनेका छन् । सन् १९८९ मा ‘इकोक्रिटिसिजम’ शब्दले साहित्यिक समालोचनाको प्राविधिक शब्दका रूपमा मान्यता प्राप्त गऱ्यो । सन् १९९० मा पर्यावरणीय समालोचनाले सैद्धान्तिक आधार प्राप्त गऱ्यो । त्यस्तै वल्ड लिटरेरी एसोसिएसन ९धीब० को सम्मेलनमा चेरिल ग्लोटफेल्टीले प्रकृतिलेखनको अध्ययनलाई बुझाउनका लागि ‘इकोक्रिटिसिजम’ शब्द समालोचनामा उपयोग गर्नुपर्ने प्रस्ताव राखेकी थिइन् र त्यसलाई ओरेगन विश्वविद्यालयका प्राध्यापक ग्लेन लभले पनि सम्बोधन भाषणका क्रममा समर्थन गरेका थिए (एटम, २०६८, पृ. ३१४) । यसरी बीसौँ शताब्दीको उत्तरार्धमा यस समालोचनाले गति लियो ।

पर्यावरणीय साहित्यले औद्योगिक तथा सहरी क्षेत्रमा रुख रोप्ने कुरामा जोड दिन्छ । रुखहरूले खुसीसित बस्न मिल्ने वातवारण बनाउन मद्दत गर्छन् (शुक्ला र चन्डेल, सन् २००१, पृ. ३५३) । पर्यायवरणीय समालोचनाले साहित्यिक कृतिको वातावरणीय कोणबाट मूल्याङ्कन गर्छ । यसले वन र उर्वरभूमि विनाश गरी बस्ती बसाउने, नदीनालाहरूमा दूषित पदार्थ र ढल मिसाउने, मापदण्ड पूरा नगरेका उद्योग र यातायातका साधनले वायुमण्डल दूषित बनाउने, डढेलो लगाउने, सिकार खेल्ने, हरेक कुरामा विषादीको प्रयोग गर्ने जस्ता कार्यबाट मानव र अन्य प्राणी तथा प्रकृतिलाई नोक्सान पुग्ने भएकाले यसको विरोध गर्छ (पौड्याल, २०७०, पृ. ११६) । मानवका क्रियाकलाप र पृथ्वीका स्वरूपका बिचको अन्तर्सम्बन्धको अध्ययन यसमा गरिन्छ । पर्यावरणवादी समालोचकहरू सामाजिक तथा भाषिक सिद्धान्तका आधारमा निर्मित अवधारणालाई ठाडै अस्वीकार गर्छन् । यिनीहरूले कृतिभित्र मान्छे र प्रकृतिको सम्बन्ध, प्रेम र शान्ति, प्राकृतिक सन्तुलन, हरितगृह प्रभाव, जाति र जनजातिको जीवनचर्या, विविधता, स्थानीयता, स्वच्छता र पवित्राको खोजी गर्छन् । पर्यावरणीय समालोचनाले प्राकृतिक वातावरणलाई जस्ताको त्यस्तै राख्न खोज्छ । यो समालोचनाले लेखक, पाठ र संसार को मूल्याङ्कन गर्छ (पिएम्, सन् २०१८, पृ. ६७) । पर्यावरणीय समालोचना अन्तर्विषयक समालोचना हो र यसले एकल विधाको बुझाइले नभ्याउने अनुसन्धान गरी नयाँ ज्ञान उत्पादन गर्न सघाउँछ । यसमा सामाजिक,

सांस्कृतिक, राजनैतिक र वैज्ञानिक चेतना जोडिन्छन् । यस्तो खालको अध्ययन बीसौँ शताब्दीको अन्त्यतिर सम्भव भयो । पेटर बेरीका अनुसार पर्यावरणीय समालोचना अमेकिरामा सन् १९८० र ग्रिन स्टडीका नामबाट बेलायतमा सन् १९९० देखि सुरु भयो (पिएम्, सन् २०१८, पृ. ६७) । उन्नाइसौँ शताब्दीमै केही अमेरिकी ले खकहरू प्रकृतिप्रति समर्पित थिए । मार्गरेट फुलर, राल्फ बाल्डो एमर्सन र हेनरी डेभिड थोरो जस्ता लेखकहरूले मानव अधिकार र वातावरण संरक्षणका क्षेत्रमा योगदान दिए । एमर्सनको प्रकृति (सन् १८३६) शीर्षकको सानो पुस्तक प्रकृतिका बारेमा लोकतान्त्रिक तरिकाले बोलिएको महत्त्वपूर्ण कृति मानिन्छ । थोरोको वाल्डेन (सन् १८५४) प्रकृतिका बारेमा अवलोकन गरिएको महत्त्वपूर्ण कृति हो । उनले यसमा उपभोक्तावादी संस्कृतिलाई त्यागेर थोरैमा सन्तुष्ट हुनुपर्ने सन्देश दिएका छन् । एमर्सन प्रकृतिसँग सम्बन्ध राख्नाले मात्र खुसी मिल्छ भन्छन् । अमेरिकामा प्रस्फुटित भएको प्राकृतिक साहित्य बेलायतमा खास गरी रोमान्टिक कवि वर्डस्वर्थ लगायतका कविहरूले थप विकास गरे । ग्रिनस्टडीका नाममा बेलायतमा यो धारा थप विकसित र परिस्कृत भयो ।

पर्यावरणीय समालोचनाले समाजमा सत्ता र शक्तिको प्रयोग कसरी गरिएको छ भनेर हेर्छ । पर्यावरणीय समालोचनाका प्रमुख प्रतिमानहरू यसप्रकार छन्-(१) समाजको पितृसत्तात्मक संरचनाप्रति विमति राख्नु, (२) मानवकेन्द्रित विश्वप्रति विमति राख्नु, (३) वातावरणीय असन्तुलन हुनुमा मान्छेको लालची स्वभाव दोषी हुनु, (४) प्राकृतिक स्रोत साधनको संरक्षणमा जोड दिनु, (५) पुँजीवादी तथा भौतिकवादी चिन्तनप्रति विमति राख्नु र (६) आध्यात्मिक चिन्तनप्रति लगाव राख्नु । यिनै प्रतिमानलाई आधार बनाएर *हंस* उपन्यासको विश्लेषण गरिन्छ ।

## शोधविधि

प्रस्तुत अध्ययन बहुसत्यमा आधारित गुणात्मक प्रकृतिको रहेको छ । पर्यावरणीय समालोचना अन्तर्विषयक समालोचना हो । *हंस* उपन्यासको पर्यावरणीय समालोचनाका कोणबाट विश्लेषण गर्दा पर्यावरणीय समालोचनाका प्रतिमानहरू पितृसत्तात्मक संरचनाप्रति विमति, मानवकेन्द्रित विश्वप्रति विमति, लालची स्वभाव, प्रकृतिको संरक्षणमा जोड, पुँजीवादी तथा भौतिकवादी चिन्तनप्रति विमति र आध्यात्मिक चिन्तनप्रति लगावलाई आधार बनाई प्रस्तुत उपन्यासको विश्लेषण गरिएको छ । यस लेखमा दाबी गरिएका सन्देशलाई पुष्टि गर्नका लागि पर्यावरणसँग र सम्बन्धित कृतिसँग सम्बन्धित समालोचना, पुस्तक समीक्षा आदिलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

## प्राप्ती तथा छलफल

*हंस* उपन्यासमा मानव र हाँसका प्रेमकथा भनिएको छ । यी कथाहरू एक अर्कासँग जोडिएका छन् । यसमा अर्थका तहहरू भित्रभित्रै चलायमान छन् र मूल कथासँग जोडिएका पनि छन् । मान्छे र हाँस दुबैका कथा उड्ने र डुब्ने, प्रेम र विछोडका सन्दर्भ आएका छन् । यी सन्दर्भहरू प्रकृतिसँग जोडिएका पनि छन् । यो उपन्यासमा ज्ञानको विस्तार विभिन्न कोणबाट हुन्छ भनिएको छ । मान्छेले पुस्तक पठन, ध्यान, अवलोकनबाट ज्ञान प्राप्त गर्छ । लहडे हाँसको ज्ञान प्राप्त गर्ने तरिका बेग्लै छ । उत्तेजनाबाट विस्तारै बाहिर आउँदा लहडे हाँसलाई ज्ञान प्राप्त भएको छ (सुवेदी, सन् २०२१) । मान्छे र पशुपक्षीका ज्ञान प्राप्त गर्ने विधि र बुझाइहरू

फरक छन् । मान्छेले आफ्नो ज्ञानलाई श्रेष्ठ मान्छ तर त्यही श्रेष्ठ भनिएको ज्ञानले पृथ्वी ध्वंस बन्दै गएको अवस्था छ । उपन्यासकारले हंश उपन्यासका माध्यमबाट व्यक्त गरेको वातावरणप्रतिको चिन्ता र चासोलाई पर्यावरणशास्त्रका आधारमा विभिन्न उपशीर्षकमा विश्लेषण गरिन्छ :

**समाजको पित्तृसत्तात्मक संरचनाप्रति विमति**

नारीलाई द्वितीयक स्थानमा र पुरुषलाई प्रथम स्थानमा राख्ने गरिएको छ । *हंस* उपन्यासका मुख्य पुरुष पात्र प्रेम, अनुज पाँडे र अन्य पात्रको अहङ्कार यथार्थपरक कोणबाट भनिएको छ भने हाँसको कथा भन्न स्वैरकल्पनाको प्रयोग गरिएको छ । यथार्थवाद र स्वैरकल्पनाको मिश्रणले उपन्यास प्रयोगपरक बनेको छ । *हंस*मा खाली ठाउँ छोडिएको छ । ती खाली ठाउँ भर्ने छुट पाठकलाई दिइएको छ । खाली ठाउँको छोडाइले पनि उपन्यास प्रयोगपरक बनेको छ । त्यसैले यस उपन्यासमा वर्णित पितृसत्तात्मक संरचना बुझ्न उपन्यासको सूक्ष्मपठन आवश्यक छ । यसमा वृद्धा आमैले हाँस र पशुपक्षीका कथा भन्छिन् । यी कथाहरूमा पनि प्रतीकात्मक रूपमा पितृसत्तात्मक संरचनाले गरेका वातावरण विनाशका सन्दर्भहरू प्रस्तुत गरिएको छ । आप्रवासी अनुज पाँडे प्रवासी भोगाइ र दुई पत्नीहरूसँगको सम्बन्धको कथा आफैँ भन्छ भने उपन्यासको नायक प्रेम पनि आफ्नो कथा आफैँ भन्छ । कथाको संरचना अरेखीय छ । अन्य पशुपक्षीका कथा पनि मूल कथामै समाहित भएका छन् । चराहरूका कथालाई मानवीकरण गरिएको छ । यस उपन्यासका पुरुष पात्रमा पितृसत्तात्मक सामन्ती मनोवृत्ति छ । पितृसत्तात्मक संरचनाले सामाजिक किसिमले उत्पीडित वर्ग दबिएको छ । मान्छेले प्रकृतिमाथि दोहन गर्दै आएको छ । पितृसत्तात्मक संरचनाले खडा गरेको विभेदका कारण पृथ्वी बस्न लायक बनेको छैन भन्ने कुरा यस कथाका पुरुष पात्रको चरित्रबाट स्पष्ट पारिएको छ ।

*हंस* उपन्यासमा मूलतः प्रेम, अनुज पाँडे र लहडे हाँसको कथा भनिएको छ । उपन्यासका प्रमुख पात्र प्रेम लेखक हो । नेपाली साहित्यमा स्नातकोत्तर पूरा गरेको भए पनि उसमा विरासतका रूपमा पितृसत्तात्मक अहङ्कार छ । नाम प्रेम भए पनि सीमासँगको प्रेमभित्र आफ्नो अस्तित्व खोजी गर्न पुरुषत्वलाई साधन बनाउँछ । 'उसले सिकेको पुरुषत्वमा पुरुष सर्वोच्चताको ग्रन्थी थियो (लोहनी, २०७६, तेस्रो अनु.) । प्रेमका बा श्रीमतीलाई कुट्थे तर श्रीमतीले श्रीमान्‌को कुटाइभित्र पनि प्रेम देख्ने हुनाले पारिवारिक समस्या चर्केको थिएन । प्रेमकी श्रीमती सीमा भने आधुनिक र एम.कम. पढेकी युवती हो । त्यसैले ऊ प्रेमको कुटाइ सहेर बसिन र प्रेमलाई छाडेर एक्लै अमेरिका उडी । सीमाको नयाँ प्रेमकथामा अनुज पाँडे आउँछ । सीमाको समस्या र परिस्थितिको लाभ उठाएर नेपालमा पत्नी र छोरी हुँदाहुँदै अमेरिकामा सीमासँग सुटुक्क विवाह गर्ने अनुज पाँडेमा पनि पुरुष अहङ्कार छ । उसले आफूलाई निर्दोष पात्र भने पनि सीमाको विवशता र एक्लोपनमाथि खेलेर फाइदा उठाउने अनुजमा मानवता र संवेदना छैन । पहिलेकी पत्नी डिभी परेर अमेरिका आएपछि सीमा र मायालाई मिलाएर राख्न नसकी सुटुक्क भागेर नेपाल आउँछ । प्रेम र अनुज दुबैमा समाजप्रदत पितृसत्ता छ । प्रेम आफ्नी पत्नी सीमालाई अनुजले भोग गरेको कल्पना गरेर यस्तो तनावमा पर्छ- "दुवैका खुटा नागबेलीजस्तै एक अर्कामा बेरिएका होलान् र उसले सीमाका कानमा नजाने के के फुसफुसाउँदै होला, मेरी श्रीमतीलाई झन् उत्तेजित बनाउँदै" (पृ. ८९) । प्रेमले सीमालाई आफ्नो पैतृक सम्पत्ति सम्झेको छ । प्रेममा असफल भए पनि प्रेम टौदहमा सीमासँग झ्याँगिएको प्रेम बिर्सन सक्तैन र त्यहाँ गइरहन्छ ।

**मानवकेन्द्रित विश्वप्रति विमति**

मान्छेले यो पृथ्वी आफ्नै लागि बनाएको ठान्छ । मानवजातिलाई सबै कुराको केन्द्रीय सत्ता मान्ने नृतत्त्वकेन्द्रित सिद्धान्तअनुसार अन्य प्रकारका जीव, वनस्पति, पशुपक्षी र प्रकृतिप्रदत्त साधनस्रोतहरू मानिसकै उपभोगका निमित्त हुन् (भट्टराई,२०६४, पृ.२०८) । *हंस* उपन्यासमा वर्णित टौदह मिथकीय पोखरी हो र यसको वातावरण मानवजातिको उपभोगका निमित्त बनेको जस्तो भएको छ । यसको इतिहासमा सफल र विफल, दुःख र सुखको दोसाँधमा रहेका अनेकौँ प्रेम कथा छन् । पात्र फेरिए पनि टौदहमा प्रेमकथा फेरिएका छैनन् । टौदहमा हाँसका, भ्यागुताका, बकुल्लाका, सर्पका कथा छन् । यीमध्ये महत्त्वपूर्ण कथा लड्ने हाँस र उडन्ते हँसिनीको प्रेमकथा हो । पशुपक्षीका कथा भन्न टौदह छेउमा बस्ने वृद्ध आमैलाई खडा गरिएको छ । लहडे हाँस रैथाने हाँस हो । घर पालुवा रैथाने हाँससँग पखेटा छ तर ऊ उड्न सक्तैन र सीमान्तकृत वर्ग बनेको छ । उसको र उडन्ते हँसिनीका बीच प्रेम पर्छ । टौदह वरिपरिको सीमसार क्षेत्रमा हाँस र हँसिनीको प्रेम मौलाउँछ । हँसिनी छरिती छ र उड्न सक्छे, पौडी खेल्न सक्छे । हाँसको शरीर मोटो र बाक्ला पखेटा छन् र उड्न सक्तैन । हँसिनीको मन जित्न हाँसले उड्ने अभ्यास गर्छ तर त्यति प्रगति गर्न सक्तैन । घरपालुवासँग लहसिएकी हँसिनीलाई उडन्ते हाँसहरूले देख्न सक्तैनन् । मान्छेले पक्षीलाई घरपालुवा बनाएर उसको उड्ने र घुमफिर गर्ने सामर्थ्य कमजोर, कुँजो र भद्दा बनाएको छ भन्ने सन्देश दिन लहडे हाँस पात्रको चरित्रबाट पुष्टि गर्न खोजिएको छ ।

**वातावरण असन्तुलित हुनुमा मान्छेको लालची स्वभाव दोषी**

मान्छेको लालची स्वभावलाई *हंस* उपन्यासमा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । काका हाँस इतिहास पत्ता लगाउन पोखरीको पिँधमा डुब्छ । काका हाँसले "जतिजति डुब्दै गएँ, इतिहास त्यति नै अँध्यारो देखेँ" (पृ. १६५) भन्छ । काका हाँसको भनाइमा इतिहास बलिया बाङ्गाहरूको कथा हो । इतिहास भनेको अर्कालाई निलेर आफू बाँच्नेको चुच्चो ठुँगाइ हो । बलियाले निर्धालाई सधैँ ठुँग्छन् भन्दै काका हाँस भन्छ- "बाज र गरुडले रूप, ढुकुर र भँगेराजस्ता साना चरालाई । बकुल्ला, सारस, जलेवाहरूले साना माछालाई । चराले गड्यौला, कीरालाई" (पृ. १६६) । पशुपक्षीमा सबैभन्दा सीमान्तकृत गँड्यौला हुँदो रहेछ । माथिका भनाइहरू मान्छेको स्वभावको बिम्बात्मक प्रस्तुति पनि हो । काका हाँसले मान्छेले हाँसलाई प्रेम गर्छ भन्ने कुरा भ्रम हो भन्छ । हाँसहरू मान्छेहरूले माया गरेर गेडागुडी खान दिन्छन्, खोर र टाँडहरू बनाइदिन्छन् भन्ने भ्रममा छन् । मान्छेहरूले तिनलाई छोयला बनाउन पालेका हुन् भन्ने बुझाइ काका हाँसको छ । उसले मान्छेले युवा हाँसको छोयला मन पराउने हुनाले जोगिनु भन्ने सल्लाह दिन्छ । हाँस समूहले काका हाँसलाई समूहबाट बहिष्कार गरेका हुँदा लहडेले समूहमा काकाको विचार राख्न डराउँछ । टौदहमा हाँसहरू मान्छेको अतिक्रमणमा परेको र नयाँ हाँसहरू आउने क्रम रोकिएको सन्देश उपन्यासकारले घुमाउरो शैलीमा व्यक्त गरेका छन् । हाँसहरूको सङ्ख्या घट्तै गएको सन्दर्भ व्यक्त गरेर चराहरू मान्छेकै लालची स्वभावको शिकार भएको सन्देश दिइएको छ ।

लहडे हाँस आकाशमा उडेर रैथाने हाँस पनि अभ्यास गर्दै गएका खण्डमा नयाँ इतिहास बनाउन खोज्छ । काका हाँस टौदहको पिँधमा डुबेर सत्य तथ्य कुरा पत्ता लगाउने कोसिस गर्छ । उड्नु र डुब्नु फरक कर्म भए पनि दुबै हाँसको उद्देश्य मनोरसरोवरमा पुग्नु छ । मनोसरोवर मानसरोवर मात्र नभएर एउटा बिम्ब हो । यसले

मानसरोवरको भ्रम पनि दिन्छ तर यहाँ मनभित्र डुब्दै जाँदा मनभित्रको आकाशमा पुग्ने यात्रालाई मनोरसरोवर भनिएको छ। पखेटा भएर उड्न नसक्ने चरा र पखेटा नभएर उड्ने जीव पनि पृथ्वीमा भेटिन्छन्। पखेटा नभए पनि वा भएर उडान भर्न नसके पनि मनमनै आन्तरिक उडान भरेर आनन्दित हुन सकिन्छ भन्ने अर्थमा मनसरोवर शब्दको प्रयोग गरिएको छ। लहडे हाँस र काका हाँसले नयाँ काम गर्न खोज्छन् तर उनीहरू हाँस समुदायबाट बहिष्कृत भएका छन्। यो सन्दर्भले नयाँ काम गर्न नदिने शक्ति बलियो छ भन्ने अर्थ प्रक्षेपण भएको छ। फिस्टे हाँसका भनाइमा हाँस देवताले मान्छेलाई हाँसकै सेवाका निम्ति बनाएको हो। देवताले पहिले हाँस त्यसपछि मान्छे अनि मात्र रूपी, काग, बकुल्ला, गड्यौला, भ्यागुता आदि बनाए भन्ने कुरा लहडे हाँस र काका हाँस बाहेक अरू सबैले पत्याउँछन्। हाँसको कथाबाट उपन्यासकारले हाँसको मात्र कथा भनेका छैनन्, मान्छेका चिन्तनशैली र जडता, भाषिक प्रदूषण र परम्परागत विश्वासलाई बिम्बात्मक रूपमा चित्रणसमेत गरेका छन्। लहडे हाँस र उडन्ते काली हँसिनीको प्रेम कथाले विदेश उड्न नसकेको प्रेम र विदेश उडेकी सीमाको कथालाई सघन तुल्याएको छ।

कथाको पुनरावृत्ति नागरानी र डोब्रे सर्पको प्रेमकथाबाट पनि भएको छ। पोखरीको पिँधमा बस्ने नागरानी खोकना पुगेर डोब्रे सर्पसँग प्रेममा पर्छे। नागरानी डोब्रेसँग प्रेममा परेको थाह पाएपछि नागराजले डोब्रेलाई मार्ने प्रयत्न गर्छ तर मार्न नसकेपछि डोब्रेलाई टौदहमा बोलाउँछ। नागराज, नागरानी र डोब्रेको त्रिकोणात्मक प्रेम सम्बन्ध प्रेम, सीमा र अनुजको त्रिकोणात्मक प्रेमसँग सम्बन्धित छ। डोब्रे राम्रो छैन, नागरानीको लायक छैन तर नागरानी डोब्रेलाई मन पराउँछे। अनुज पाँडे राम्रो छैन, सीमाको लायक छैन तर ऊ पढेलेखेकी सीमा अनुज पाँडेबाट गर्भवती हुन्छे। नागरानीको टौदहबाट खोकना पुगेका बेला डोब्रेसँग प्रेम हुन्छ। त्यस्तै सीमा नेपालबाट अमेरिका पुगेका बेला अनुज पाँडेसँग प्रेम हुन्छ। डोब्रे र नागरानीको प्रेम सन्दर्भबाट प्रेम हुन रूप नै महत्त्वपूर्ण होइन, परिस्थिति र सोच महत्त्वपूर्ण कुरा हो भन्ने सन्देश व्यक्त भएको छ। नागरानी र डोब्रेको प्रेम कथाले प्रेम र सीमा छेत्रीको प्रेम सन्दर्भ बुझ्न सघाएको छ। यी सबै प्रेम कथाहरूमा पुरुषको स्वभाव नै बढी लालची रहेको देखाइएको छ।

**प्राकृतिक स्रोत साधनको संरक्षणमा जोड**

प्राकृतिक स्रोत साधन मानव जीवनका लागि अमूल्य सम्पत्ति हो। यसलाई जोगाइ राख्न मानवको कर्तव्य हो। प्रकृतिलाई चुनौती दिन, प्रकृतिको नक्कल गर्न असम्भव कार्य भएकाले जल, जमिन र जैविक प्रणालीको उचित र एकीकृत व्यवस्थापन आजको आवश्यकता हो। प्राकृतिक स्रोतको अत्यधिक दोहन गर्ने काम मानिसबाटै भएको छ। बढ्दो जनसङ्ख्यासँगै पर्यावरणमाथि चाप परिरहेको सन्दर्भ *हंस* उपन्यासमा यसरी आएको छ- "सीमा र म पहिलोचोटि टौदह आउँदा पोखरी वरिपरि र सीमसार छेउमा असारे, हाँडीबेल र कटुसका रुख मात्र थिए। पछि भने थुप्रै व्यावसायिक कटेराहरू बने। तिनमा केही युवा जोडीहरू एक अर्कामा हराएर बसिरहेको देखेँ (पृ. ५९)। सीमसार क्षेत्र मानव बस्तीका निमित्त होइन तर मान्छेको अतिक्रमणमा सीमसार क्षेत्र पनि परेको छ। अर्को एक ठाउँमा एउटा ठुलो बुढो हाँस भन्छ- "पहिले यो ओखरी निक्कै फराकिलो थियो। छेउछाउमा ठूलो अङ्गल पनि थियो। लुआ लाउनेहरू उख काट्तै गए, अङ्गल हराउँदै गयो। ओलानाला सुक्तै गए। लुआ लाउनेहरू जति लोभी हुँदै गए, दुःख बढ्दै गयो" (पृ. १९३)। मान्छे लोभी हुँदै

गएकाले वातावरणमा सङ्कट आएको सन्दर्भ उपन्यासको चुरो कुरो हो।

**अस्वस्थ पर्यावरणप्रति चिन्ता**

पर्यावरणवादले वन विनाश गरी बस्ती बसाउने, वायुमण्डल दूषित बनाउने, डढेलो लगाउने, विषादीको प्रयोग गर्ने, प्राणी तथा प्रकृतिलाई नोक्सान पुऱ्याउने कार्यको विरोध गर्छ। यो समालोचनाले कृतिमा वातावरण अनुकूल वा प्रतिकूल कुन रूपमा चित्रित छ भनी हेर्दछ (पौड्याल, २०७०, पृ. ११६)। *हंस* उपन्यासमा वातावरणमा देखिएको अस्वस्थ परिवर्तनलाई यसरी वर्णन गरिएको छ-

तल केही चुचुरा देखिए। केहीका टुप्पामा हिउँ थियो, अरू नाङ्गा। पहाडका खोंचबाट बग्दै गरेको पानी बाक्लो लेदोजस्तो थियो। मानौँ कुनै घाउ फुट्ता निस्केको मैलो रगत होस्। फेदमा सुकेका झरना र छेउमा स-साना पोखरी थिए। पोखरीको पानी सुकेर पिँधसम्म पुगिसकेको थियो। पिँधमा तीखा ढुङ्गाहरूका रास थिए, लेउ र हिलोमा लतपत (पृ. २११)।

लहडे हाँस आफ्नी प्रेमिकालाई पोखरी छेउ तिखा सुइरा र फलामका छड बोकेर हिँड्ने मान्छेले समातेर मार्लान् भनी त्रसित छ। उड्न र बोल्न छाडिसकेको र मनमनै घोत्लिन थालेको लहडे हाँसको भयबाट मान्छेको क्रूरता र लालची स्वभाव माथि व्यङ्ग्य गरिएको छ। लहडे हाँसको रोदनलाई अन्य हाँसहरूले भने महात्मा हाँसले हाँस देउताको दर्शन पाएर खुसीका आँसु झरेका हुन् भन्ने अर्थ लगाउँछन्।

लहडे हाँसले आफूलाई महात्मा भनेको छैन। उसको अन्तर्मुखी बन्दै गएको स्वभावलाई अन्य हाँसले महात्मा भनेका हुन्। अन्तर्मुखी बन्दै जाँदा लहडे हाँस सुखदुःखभन्दा माथि उठ्छ र जताततै उज्यालो देख्छ। महत्त्वाकाङ्क्षा र लालची स्वभाव त्यागपछि जताततै प्रकाशमान देखिन्छ भन्ने सङ्केत लहडे हाँसको मनोसरोवर यात्राका सन्दर्भबाट पुष्टि गर्न खोजिएको छ।

मौसम परिवर्तन र वातावरणको सङ्कट व्यक्त गर्न स्वैरकल्पनाको प्रयोग गरिएको छ। मनसरोवरको देवताले गरेको भाविष्यवाणी भनी काली हँसिनीले लहडे हाँसलाई यस्तो सुनाउछे- “जीवन कठिन हुँदै जानेछ। अहिले हामीले चिताउनै नसकिने मौसम आउनेछ। पोखरी र दहहरू सुक्तै जानेछन्। माछा, सर्प काकाकुल- सबै तड्पिएर मर्न थाल्नेछन्” (पृ. १५४)। उड्नेहरूले आफूलाई जोगाउने छन् तर उड्न नसक्नेहरू रित्तिँदै गएका दहसँगसँगै सुक्तै जानेछन् भनी भविष्यमा थुप्रै पशुपक्षी लोप हुने सङ्केत गरिएको छ। यहाँ उड्नेहरू भनेर चरालाई मात्र भनिएको छैन। बसाइँ सर्न सक्ने सक्षम मान्छे मात्र बाँच्न सक्नेछन् भन्ने सङ्केत पनि गरिएको छ।

मान्छेले प्रकृतिको दोहन गर्न र पितृसत्तात्मक समाज कायम गर्न सक्नुमा विचारको जालो बुन्ने प्रवृत्ति पनि एक हो। “माकुराहरू आफ्नो जीवनकालभरि मात्र जाल बुनिरहन सक्छन्। मान्छेले बुन्ने जाल युगौँसम्म चलिरहन्छन्। अन्य जीवले गर्ने *हिंसा* शारीरिक हुन्छ। हामी विचारका जाला बुन्न माहिरछौँ (पृ. १३७)। प्रेम बुवाले सिकाएका मर्दका कर्तव्य पाठहरू सम्झिन्छ। प्रेमकी आमा लोग्ने मान्छेको जात यस्तै हो भनी छोरालाई

सम्झाउँछे। जीवहरूले अनुभव हस्तान्तरण गर्दैनन्। मान्छेले पितृसत्ता पढाउँदै आएकाले पनि पितृसत्तात्मक *हिंसा* कायम रहेको उपन्यासकारको ठहर छ।

**पुँजीवादी तथा भौतिकवादी चिन्तनप्रति विमति**

पुँजीवादी तथा भौतिकवादी संरचनाले पनि प्रकृतिमा असन्तुलन आएको कुरा उपन्यासमा बताइएको छ। न्यूयोर्कमा मान्छेको जनसङ्ख्याको अनुपातमा मुसाको सङ्ख्या बढेको छ। मुसाको अत्यधिक विस्तारले त्यहाँ जनजीवन प्रभावित भएको छ भने न्यूयोर्कको व्यस्त जीवनले आप्रवासीहरूलाई मुसा बनाएको छ। “मै हुँ भन्ने ठूलठूला बाघ पनि न्यूयोर्क आएर मुसा बनेका छन्। झन् हामीजस्ता किचनमा काम गर्नेलाई त न्यूयोर्कले मुसारोस्ट नै बनाउँछ” (पृ. १०७)। अवैधानिक तरिकाले अमेरिका पुगेका आप्रवासीहरूको सकसबारे अशरफले आफ्नो दर्द यसरी सुनाउँछ- “पैसा कमाउन अम्रिका पसेको, तर यसरी बिहान बेलुका डेक्चीमा पन्यु चलाउँदा चलाउँदै आफू जनाना भएको थाहै भएन। अम्रिकाले त पुरै जनाना बनाइ हाल्यो“ (पृ. ६२)। अशरफ भान्सामा काम गर्दागर्दै जनाना भइन्छ भन्ने डरले बाक्लो जुँगा पाल्छ। नेताको सेवा गर्न अमेरिका पुगेको रामलाई नेताले महिनाकै चालिस डलेर तलब दिन्छ र नेपालमा यसको चार हजार रुपियाँभन्दा बढी हुन्छ भनेर ठग्छ। नेपाली नेताबाट नेपालीहरू अमेरिका पुगेपछि पनि ठगिएका छन्।

मान्छेले बनाएका नियम कानुनहरूले पनि संसारमा कहाली लाग्दो संरचना खडा गरेको छ। यौन, प्रेम र परिवारका नियम, देश र संस्कृतिका नियम सामान्य देशका सामान्य मान्छेलाई सकसमा पार्ने गरी बनाइएको छ। “संसारका नियम कानुनहरू विचित्रका छन्। कसले कहाँ उड्न पाउने, कसले नपाउने, कसैको कागज हुने, कसैको नहुने ... प्रेम र समागमबारेका नियम, भिसा र लालपुर्जाबारेका कानून” (पृ. १८५)। मान्छेको संसार देश, परिवार, नागरिकता, पासपोर्ट, भिसा, लालपुर्जाकै वरिपरि घुमेको छ। चराहरूलाई जस्तो स्वतन्त्रता मान्छेलाई छैन। नियम कानुनकै माकुरे जालमा मान्छेको जीवन जकडिएको छ।

*हंस* उपन्यासले हाँसको र मान्छेको प्रेमकथा भनेको छ। यो उपन्यासले मान्छे मनको पनि धनी हुनुपर्छ भन्छ (पन्थी, सन् २०२०, पृ. १०४)। भौतिक तथा पुँजीवादी संरचनाले संसार मान्छे बस्न लायक बन्दैन भन्ने निचोडमा उपन्यासकार पुगेका छन्। लहडे हाँसको मृत्यु गराएर उपन्यासको अन्त्य गरिएको छ। हाँसको मृत्युमा किसानहरूले दुःख व्यक्त गरेका छन्। किसानहरू प्रकृतिप्रेमी हुनाले दुःख व्यक्त गरेका हुन्। आकाशमा उडेका असङ्ख्य हाँसमध्ये केही हाँस, मात्र टौदहमा ओर्लेको सन्दर्भसँगै उपन्यासको समापन भएको छ। केही थान हाँस मात्र ओर्लिनु हाँसहरूको सङ्ख्या घट्तै छ भन्ने सङ्केत हो। यसरी प्रकृतिमा देखिएका सङ्कटबारे सूक्ष्म विमर्श यस उपन्यासमा भएको छ।

**आध्यात्मिक चिन्तनप्रति लगाव**

*हंस* उपन्यासको लुगा ‘नलागउनेको कथा’ सन्दर्भले आध्यात्मिक खोजतर्फ सङ्केत गर्छ। चराचुरुङ्गीको भाषा अनुभव दिन व्यञ्जनको सट्टा स्वरवर्णको प्रयोग गरिएको छ। हाँसको संसारमा छिर्न हाँसको कथालाई मानवीकरण गरिएको छ। यसमा मान्छेको भाषाभन्दा मानवेतर प्राणीको भाषालाई श्रेष्ठ मानिएको छ।

यो उपन्यासले मानव केन्द्रवादलाई समस्याका रूपमा हेरेको छ। उडन्ते हाँस भन्छ- “लुआ लगाउनेहरूलाई बुझ्न गाह्रो छ। आँस, अलेवा, उरेली, अकुल्ला सबै एक अर्काको कुरा बुझ्छन् तर लुआ लाउनेहरू मात्र आफ्नो बाहेक अरू कसेको भाषा बुझ्दैनन् (पृ. १९२)। लुगा लगाउनेलाई फटाह र लोभी भन्दै बुढो हाँस भन्छ- “पहिले यो ओखरी निक्कै फराकिलो थियो। छेउछाउमा ठूलो अङ्गल पनि थियो। लुआ लाउनेहरू उख काट्तै गए। लुआ लाउनेहरू जति लोभी हुँदै गए, दुःख बढ्दै गयो” (पृ. १९३)। लुगा लाउनेहरू अर्थात् मानवलाई मनमा डर लिने, डर छोप्न लुगा लगाउने, बुढो हुन थालेपछि आफू नहुनेबारे सोचेर डराउने, यौन सम्बन्धबारे बढी सोच्ने, मन नपर्ने मान्छेसित पनि मिठा कुरा गर्ने, डर हराउन नाम कमाउन खोज्ने जस्ता अवगुण भएकाले मान्छे नै श्रेष्ठ प्राणी हो भन्न नसकिने सन्देश उपन्यासले दिएको छ।

*हंस* उपन्यासमा बकुल्लोको कथालाई मिथकीकरण गरिएको छ। बकुल्लो आकाशमा पनि उड्दैन र दहमा पनि डुब्दैन। ऊ भन्छ- “म मनको आकाशमा सधैँ उडछु” (पृ. २१०)। ऊ कल्पनामै पहाड, जङ्गल र समुद्र नाघ्छ। यथार्थमा उड्दा ढाड दुख्छ, पछारिन सक्छ तर “मनको संसारमा छिरेपछि बाहिरको दुखाइ मत्थर हुँदै जान्छ” (पृ. २१०)। मनको आकाशमा उड्नु भनेको अध्यात्मतर्फको आनन्दतर्फको यात्रा हो। मान्छेको अध्यात्मतर्फको यात्रा आधुनकिताको प्रवेशसँग अबरुद्ध भएको छ। खुसी आफैँभित्र खोज्नु पर्छ भन्ने अर्थ पनि यसमा व्यक्त भएको छ। बकुल्लोको कथा पनि मान्छे र हाँसकै महाख्यानमा मिसिएको हुनाले सान्दर्भिक भएको छ।

**निष्कर्ष**

*हंस* उपन्यासले मानव केन्द्रित विश्वदृष्टिकोण विस्थापित गर्ने कोसिस गरेको छ। विभिन्न देशका चराहरू टौदहमा आउने हुँदा उपन्यासकारको विशेष अनुराग टौदहप्रति रहेको छ। चराहरूको जीवन कागजी छैन। मान्छेलाई जस्तो पासपोर्ट, नागरिकता, भिसा, लालपूर्जा चराहरूलाई चाहिन्न। यहाँको वातावरण प्रतिकूल भए यहाँका रैथाने चराहरू पनि अन्यत्र जान्छन्। बाहिरका चराहरू आउने क्रम घटेको छ। चराहरूलाई मान्छेलाई जस्तो श्रेष्ठता, नाम दाम कमाउने, सौन्दर्य प्रतियोगितामा भाग लिने, इतिहासमा नाम कमाउने झन्झट बेहोर्नु पर्दैन। मृत्यु र यौनबारे मान्छेले जस्तो चराले बढी सोच्दैनन्। उनीहरूको जीवन र मृत्यु सहज र प्राकृतिक छ। चराहरूको सङ्ख्या घट्नुमा यसको जिम्मेवार मान्छे छ। पोखरहिरू सुक्तै छन् र धमिला भएका छन्। संसारका असङ्ख्य जीवमध्ये प्रकृति ध्वस्त पार्ने प्राणी मान्छे मात्र हो भन्ने सन्देश उपन्यासले दिन्छ। सृष्टि संरचनाको प्राकृतिक पक्षलाई कमजोर बनाउन मान्छेले खोजेको छ। यस उपन्यासमा मान्छेका कथा र हाँसका कथा जोडिएर बगेका छन्। मान्छेका कथामा पनि प्रेम छ र हाँसका कथामा पनि प्रेम छ। मान्छेका प्रेमकथामा तनाव छ, ईर्ष्या छ, प्रतिशोध छ। जारको घाँटी छिन्ने दाउपेच छ। हाँस र हँसिनीको कथामा प्रेम मात्र छ। त्यस्तो प्रतिशोध छैन। हाँस रैथाने छ। हँसिनी उड्न सक्ने खालकी छ। क्षमताशीललाई मन पराउनु प्रकृति हो तर क्षमताशील आफ्नै अधीनमा र वस्तुसरह हुनुपर्छ भन्नु विकृति हो। हाँसको सन्दर्भबाट प्रेमले सीमामाथि कब्जा गर्न खोज्नु र जार काट्न खोज्नु विकृति हो भनी पुष्टि गरिएको छ।

मान्छेको जीवन कागजी भएकाले दुःखी छ। चराहरूको जीवन प्राकृत छ। *हंस* उपन्यासमा उड्ने र डुब्ने सन्दर्भ आइरहन्छन्। उडेर होस् वा डुबेर मनोसरोवरको गहिराइमा पुगे उड्ने र डुब्ने दुरी मेटिन्छ। मान्छेका सबै आकाङ्क्षा पूरा हुँदैनन्। सबैमा कागज मिलाएर उड्नं सक्तैनन्। मान्छे खुसी हुन आफैभित्र डुब्न आवश्यक छ। जति बजारीकरणमा रम्दै गयो उति मान्छे सङ्कटमा पर्छ। हँसिनीले उड्न नसक्नेले उड्न सक्नेसँग प्रेममा पर्नु हुँदैन भन्छे। यसले विश्वप्रकृति भनेकी हो। मान्छेमा संवेदनशीलता घट्तो छ तर लालचीपन बढ्दो छ। मान्छेले पशुपक्षीलाई माया गर्न थाल्यो भने, तिनीहरूबाट प्रेरणा लियो भने मान्छेको व्यवहारमा पनि परिवर्तन आउँछ र पृथ्वी बस्न लायक हुन्छ भन्ने अप्रत्यक्ष सन्देश पनि उपन्यासमा व्यक्त भएको छ। संरचनामा तल परेका मान्छे र पशुपक्षीमा गँड्यौलाको सन्दर्भ ल्याएर सीमान्तीय कोणबाट पनि हेरिएको छ। यसमा मान्छेको कथा यथार्थपरक कोणबाट भनिएको छ र हाँसको कथा भन्न स्वैरकल्पनाको प्रयोग गरिएको छ। हाँसले आफ्नो कथा आफैं नभन्ने हुनाले स्वैरकल्पनाको प्रयोग गरी हाँसको कथा भनिएको छ। चराहरू भन्दा मान्छेको जीवन जटिल र तनावमय देखाएर मान्छे श्रेष्ठ प्राणी हो भन्ने महाख्यानलाई विस्थापित गर्न खोजिएको छ।

**सन्दर्भसामाग्रीसूची**

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल।

................., (२०७६), *हंस,* काठमाडौँ : बुक हिल पब्लिकेसन।

एटम, नेत्र (२०६८), 'पर्यावरणीय समालोचना', *रत्न बृहत नेपाली समालोचना* (सैद्धान्तिक खण्ड, सम्पा, राजेन्द्र सुवेदी, लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ३११-३३२)।

गेराई, ग्रेज (सन् २००४), *इको क्रिटिसिजम,* लन्डन र नयुयोर्क : रुट लेज।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

गौतम, लक्ष्मण (२०६६), *नेपाली साहित्य उत्तरआधुनिक समालोचना,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन प्रा.लि.।

त्रिपाठी, गीता (२०७६), 'समकालीन नेपाली कथामा पर्यावरणीय चेतना', *प्रज्ञा समकालीन कथा विमर्श,* सम्पा. ज्ञानु अधिकारी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १०२-१२४)।

पन्थी, दधिराम (सन् २०२०), सञ्जीव उप्रेतिज हंस : एम इकोक्रिटिकल क्वेट', *जर्नल अफ नेल्टा गण्डकी* (जेओएनजी), तेस्रो अङ्क, पृ. ९३-१०७।

पिएम, नौशद (सन् २०१८), 'इकोक्रिटिसिजम, इकोथ्यौरी एन्ड टिचिङ अफ लिटेरेचर, *जर्नल अफ इङ्लिस ल्याङ्ग्वेज,* भोलुम ५, पृ. ६६-६८। जततउस्ररधधधावयभाीष्ल

पोखरेल, गोकुल (२०७०), *सिमसारका राजदूत काव्यको पर्यावरणीय अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

पौड्याल, एकनारायण (२०७०), *समालोचनाको स्वरूप र पद्धति,* चितवन : विमर्श नेपाल।

बरी, पेटर (सन् २००२), *बिगिनिङ थ्यौरी,* दोस्रो संस्क., युके : मनचेस्टर युनिभर्सिटी प्रेस।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोर्डन बुक्स।

लोहनी, राम (२०७६, मङ्सिर १४), 'हंसको हंस', *अन्नपूर्ण पोस्ट दैनिक,* https://annapurnapost.com>news.

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

शुक्ला, आर.एस. र चिन्डेल पि.एस. (सन् २००१), *प्लान्ट इकोलजी,* रिप्रिन्ट, न्यु दिल्ली एस. चन्द एन्ड कम्पनी लिमिटेड ।

सुवेदी, अभि (सन् २०२१ मार्च १४), 'हंस, अ नोभल अफ अलटरनेटिभ पावर', *दि काठमाडौँ पोस्ट,* दैनिक । https://kathmandupost.com>columns.